चौदण्डीगढी नगरपालिका स्थित स्वास्थ्य चौकीहरुको

# सामाजिक परिक्षण कार्यक्रमको

# प्रतिवेदन


**प्रतिवेदन तयार गर्ने**

बिकाश बन्जारा

सहजकर्ता, स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण

मिलिजुलि ग्रामिण विकास केन्द्र, नेपाल


**प्रतिवेदन बुझाएको कार्यालय**

चौदण्डीगढी नगरपालिका

# विषयसुची

१. पृष्ठभूमी :..............................1
क. सामाजिक परिक्षणको उदेश्य :..............................2
ख. सामाजिक परिक्षणमा अपनाइएको प्रक्रिया र अवधि :..............................2
ग. सामाजिक परिक्षणले समेटेका मूख्य क्षेत्रहरु :..............................2
घ. सामाजिक परिक्षण कार्यक्रम आयोजना भएको मिति :..............................2
□. सामाजिक परिक्षण कार्यक्रममा उपश्थित सहभागीहरुको विवरण..............................2
२. स्वास्थ्य सेवामा पहूच एवं उपयोग :..............................3
क) पुर्वप्रसूति जाच सेवा, सो सेवा लिने आमाहरुको संख्या :..............................3
ख) संस्थागत प्रसूति सेवा एवम् सो सेवा लिने आमाहरुको संख्या:..............................3
३. स्वास्थ्य सेवाको गुणस्तर :..............................7
४. स्वास्थ्य व्यवस्थापन समिति :..............................14
५. औषधि दाखिला र शून्य मौज्दातको अवस्था..............................14
६. स्वास्थ्य संस्थाको आम्दानी खर्चको विवरण :..............................18
७. सेवा प्रवाह गर्न समन्वय :..............................20
८. सूधार गर्नूपर्ने पक्ष :..............................20
९. कार्ययोजना :..............................22
१०. सामाजिक परिक्षण कार्यक्रमका तस्विरहरु :..............................24

# १. पृष्ठभूमी :

सुचनाको हक सम्वन्धि ऐन २०६५ र राष्ट्रिय स्वस्थ्य नितीमा सामाजिक लेखा परिक्षणलाई बिशेष जोड दिएको छ । सामाजिक लेखा परिक्षण एक निरन्तर प्रक्रिया हो । स्वास्थ्य क्षेत्रलाई छुट्याएको बजेट प्रभावकारी रुपले कार्यान्वयन गर्न र स्वास्थ्य क्षेत्रमा प्रशासनिक तथा आर्थिक भ्रष्टाचार र अनियमितता हुन नदिन सामाजिक लेखापरिक्षणलाई एक महत्वपुर्ण कडिको रुपमा लिइन्छ । स्वास्थ्य क्षेत्रको सामाजिक लेखा परिक्षण सार्वजनिक भेलामा अधिकारवाला र सरोकारवालाहरुको रोहबरमा गरिन्छ ।

स्वास्थ्य संस्थाको समग्र गतिविधिको नियमितता, पारदर्शिता, प्रभावकारीता, कार्यदक्षता र सान्दर्भिकतबाारे अधिकारवाला र सरोकारवालाले आफ्नो अनुभव, बुझाई र दृष्टिकोणको आधारमा गरिने विश्लेषण, मुल्यांकन, र पृष्ठपोषण गर्ने प्रक्रयालाई सामाजिक लेखापरिक्षण भनिन्छ । सामाजिक परिक्षणले सेवाग्राहि र सेवा प्रवाह गर्ने विचमा समझदारी र सहयोगमा वृद्धि गराई संस्थाको समग्र कार्यदक्षता सुधारमा मदत गर्दछ ।

चौदण्डीगढी नगरपालिकामा हडीया स्वास्थ्य चौकी, सुन्दरपुर स्वास्थ्य चौकी, बसाहा स्वास्थ्य चौकी, चौदण्डी स्वास्थ्य चौकी, सिद्धिपुर स्वास्थ्यचौकी र प्राथमिक स्वास्थ्य केन्द्र, बेल्टार गरी जम्मा ६ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् । यि ६ वटा स्वास्थ्य संस्था मध्ये ४ वटा स्वास्थ्य संस्थाहरु (हडीया स्वास्थ्य चौकी, सुन्दरपुर स्वास्थ्य चौकी, बसाहा स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र, बेल्टार) बाट संचालित सेवाहरु र सुविधाहरु बारेमा ४ वटै स्वास्थ्य संस्थाहरुबाट सामाजिक परिक्षण कार्यसञ्चालन कार्यविधि, २०७० (तेस्रो संसोधन, २०७३) बमोजिम लिएको विवरण आमभेलामा प्रस्तुत गरी यो प्रतिवेदन तयार गरिएको छ ।

चौदण्डीगढी नगरपालिका स्वास्थ्य शाखाको शसर्त कार्यक्रम अन्तर्गत सञ्चालन भएको स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण कार्यक्रम मिलिजुली ग्रामिण विकास केन्द्र, नेपालको सहजीकरण, सम्वन्धित स्वास्थ्य चौकीहरुको आयोजनामा सम्पन्न भएको थियो ।

चौदण्डीगढी नगरपालिका स्थित ४ वटा स्वास्थ्य संस्थाहरु (हडीया स्वास्थ्य चौकी, सुन्दरपुर स्वास्थ्य चौकी, बसाहा स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र, बेल्टार)बाट कार्यान्वयन भएका कार्यक्रमहरु, सेवा तथा सुविधाहरु नागरिक समक्ष प्रवाह गरिसकेपछि नागरिकहरुसँग सेवाप्रवाहलाई पारदर्शि, प्रभावकारी, जवाफदेहि बनाई कार्यसम्पादनमा सुधार ल्याउने उदेश्यले सामाजिक लेखा परिक्षण कार्यक्रमको सहजीकरण गर्ने संस्था मिलिजुलि ग्रामिण विकास केन्द्र, नेपाल द्धारा तयार गरिएको प्रतिवेदन हो ।

## क. सामाजिक परिक्षणको उदेश्य :

१. स्वास्थ्य संस्थाहरुको निति, अभ्यासहरु र कार्यरत कर्मचारीहरुको व्यवहारमा जवाफदेहिता पारदर्शिता र स्वास्थ्य संस्थाहरुले दिने सेवाहरुको तत्परतामा अभिवृद्धि गर्ने ।

२. सेवाग्राहिलाई प्रभावकारी र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने कार्यका लागी मदत पुऱ्याउन ।

३. समुदायलाई स्वास्थ्य सम्वन्धि कार्यक्रमहरु आफ्नो हो भन्ने भावना जगाउन प्रेरीत गर्ने ।

४. सेवाग्राही तथा सरोकारवालाहरुको सुझाव र पृष्ठपोषणद्धारा स्वास्थ्य सेवा व्यवस्थापनमा सुधार ल्याउने ।

## ख. सामाजिक परिक्षणमा अपनाइएको प्रक्रिया र अवधि :

१. स्वास्थ्य संस्थाको बस्तुस्थिती अवलोकन

२. आम भेलाको तयारी, सुचना संकलन र विष्लेषण

३. आमभेलाको आयोजना

४. कार्ययोजना निर्माण

५. प्रतिवेदन तयारी र पेश

## ग. सामाजिक परिक्षणले समेटेका मूख्य क्षेत्रहरु :

१. स्वास्थ्य सेवाहरु बारेमा जानकारी

२. संस्था र व्यवस्थापन सँग सम्वन्धित विषयहरु

३. स्वास्थ्य सेवाको गुणस्तर

## घ. सामाजिक परिक्षण कार्यक्रम आयोजना भएको मिति :

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | प्रारम्भीक बैठक गरिएको मिति | आमभेला आयोजना भएको मिति |
|---|---|---|---|
| १. | हडीया स्वास्थ्य चौकी | २०७६ असार १३ गते | २०७६ असार १७ गते |
| २. | सुन्दरपुर स्वास्थ्य चौकी | २०७६ असार १४ गते | २०७६ असार २० गते |
| ३. | बसाहा स्वास्थ्य चौकी | २०७६ असार १५ गते | २०७६ असार १९ गते |
| ४. | प्राथमिक स्वास्थ्य केन्द्र, बेल्टार | २०७६ असार १६ गते | २०७६ असार १८ गते |

## □. सामाजिक परिक्षण कार्यक्रममा उपश्थित सहभागीहरुको विवरण

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | सुचना संकलन | | | आमभेला | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | हडीया स्वास्थ्य चौकी | ४ जना | ४ जना | ८ जना | १९ जना | १६ जना | ३५ जना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | सुन्दरपुर स्वास्थ्य चौकी | २ जना | ४ जना | ६ जना | २६ जना | २८ जना | ५४ जना |
| ३. | बसाहा स्वास्थ्य चौकी | ३ जना | ३ जना | ६ जना | २९ जना | २४ जना | ५३ जना |
| ४. | प्राथमिक स्वास्थ्य केन्द्र, बेल्टार | २ जना | ५ जना | ७ जना | २३ जना | ३२ जना | ५५ जना |
| | **कुल जम्मा** | **११ जना** | **१६जना** | **२७ जना** | **९७ जना** | **१०० जना** | **१९७ जना** |

## २. स्वास्थ्य सेवामा पहूच एवं उपयोग :

### क) पुर्वप्रसूति जाच सेवा, सो सेवा लिने आमाहरुको संख्या :

प्रसुति पुर्व ४ पटक (गर्भवती भएको चार, छ, आठ र नौ महिना) गर्भवती जाँच सेवा लिएका आमाहरुको विवरण निम्न बमोजिम रहेको छ :

| स्वा.चौ को नाम | आ.ब.०७४/७५ को पहिलो चौमासिकमा गर्भ जाँच गराउने आमाहरुको संख्या | आ.ब.०७४/७५ को पहिलो चौमासिकमा गर्भ जाँच गराउने आमाहरुको संख्या | आ.ब.०७४/७५ को पहिलो चौमासिकमा गर्भ जाँच गराउने आमाहरुको संख्या | जम्मा आमाहरुको संख्या |
|---|---|---|---|---|
| हडीया स्वा. चौ. | १३ जना | १० जना | ७ जना | ३० जना |
| सुन्दरपुर स्वा. चौ. | ३६ जना | २१ जना | १४ जना | ७१ जना |
| बसाहा स्वा. चौ. | २९ जना | २५ जना | २७ जना | ८१ जना |
| प्रा. स्वा. के. बेल्टार | २६ जना | १३ जना | १८ जना | ५७ जना |
| **जम्मा** | **१०४ जना** | **६९ जना** | **६६ जना** | **२३९ जना** |

(आ.ब. ०७४/७५ को स्वास्थ्य संस्थाको प्रसुती रजिष्टर अनुसार)

### ख) संस्थागत प्रसूति सेवा एवम् सो सेवा लिने आमाहरुको संख्या:

| विवरण | हडीया स्वा. चौ. | सुन्दरपुर स्वा. चौ. | बसाहा स्वा. चौ. | प्रा. स्वा. के. बेल्टार | जम्मा |
|---|---|---|---|---|---|
| नि:शुल्क प्रसुति सेवा लिने आमाको संख्या | ४६ जना | ८६ जना | ५ जना | १३५ जना | **२७२ जना** |
| **नि:शुल्क प्रसुति सेवालिने आमाहरुको संख्याको जातजाति अनुसारको विवरण** | | | | | |
| दलित | ४ जना | १७ जना | २ जना | १६ जना | ३९ जना |
| जनजाति | १८ जना | ३७ जना | ३ जना | ५१ जना | १०९ जना |
| मधेसी | | ३ जना | | १ जना | ४ जना |
| मुस्लिम | | ६ जना | | | ६ जना |
| ब्राह्मण क्षेत्री / अन्य | २४ जना | २३ जना | | ६७ जना | ११४ जना |

## ग) खोप सेवा, परिवार नियोजनका साधान प्रयोगकर्ता, पोषण र विविध सेवाको अवस्था अवस्था :

क) सुन्दरपुर स्वास्थ्य चौकी :

| सेवा | लक्ष्य संख्या | यस बर्षको उपलव्धी संख्या | अघिल्लो बर्षको प्रगति संख्या | गत बर्षको फरक | कैफियत |
|---|---|---|---|---|---|
| खोप | | | | | |
| विसिजी | १४१ | १३६ | १३७ | १ कम | |
| दादुरा पहिलो | १२७ | १३६ | १३५ | १ बढि | |
| डिपिटी तेस्रो | १४१ | १५८ | १३५ | २३ बढि | |
| पोषण | | | | | |
| कुपोषित बालबालिकाको संख्या | | १२ | ७२ | ६० कम | |
| सिडिडि | | ० | ० | ० | |
| कडा खालको निमोनियाबाट पिडितको उपचार | | १ | १ | ० | |
| गम्भीर झाडापखालाबाट पीडीतको उपचार | | ० | ० | ० | |
| सुरक्षित मातृत्व | | | | | |
| चार पटक गभ जाँच गराउनेको संख्या | १७२ | ९३ | ८३ | १० बढि | |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति गराउनेको संख्या | १४६ | ८६ | ७१ | १५ वढि | |
| सुत्केरी भएको २४ घण्टाभित्र जाँच गराउनेको संख्या | | ८६ | ७१ | १५ वढि | |
| परिवार नियोजनका साधनलाई स्वीकार गर्ने नँया व्यक्तीको संख्या | | | | | |
| पिल्स | १५५८ | ८ | २१ | १३ कम | |
| डिपो | | ४३ | ६३ | १७ कम | |
| Implant | | ९३ | ४६ | ४७ वढि | |
| विविध सेवा | | | | | |
| खोप केन्द्र | ३६ | ३६ | ३६ | ० | |
| गाँउघर क्लिनिक | ३६ | ३६ | ३६ | ० | |
| आमा समुह बैठक | १०८ | १०८ | १०८ | ० | |

**ख) बसाहा स्वा. चौ.**

| **सेवा** | **लक्ष्य संख्या** | **यस बर्षको उपलब्धी संख्या** | **अघिल्लो बर्षको प्रगति संख्या** | **गत बर्षको फरक** |
|---|---|---|---|---|
| **खोप** | | | | |
| विसिजी | २४९ | १८५ | | |
| दादुरा | २४९ | १७९ | | |
| डिपिटी | २४९ | १८४ | | |
| **सुरक्षित मातृत्व** | | | | |
| चार पटक गर्भ जाँच गराउनेको संख्या | | ८१ जना | | |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति गराउनेको संख्या | | ५ जना | | |
| सुत्केरी भएको २४ घण्टाभित्र जाँच गराउनेको संख्या | | ५ जना | | |
| **परिवार नियोजन साधनलाई स्वीकार गर्ने नँया व्यक्तीको संख्या** | | | | |
| पिल्स | | ६ जना | | |
| डिपो | | १८ जना | | |
| Implant | | ३४ जना | | |
| **विविध** | | | | |
| खोप केन्द्र | | ५ वटा | | |
| गाँउघर क्लिनिक | | ४ वटा | | |
| आमा समुह बैठक | | ९ पटक | | |

**ग) हडीया स्वा. चौ.**

| **सेवा** | **लक्ष्य संख्या** | **यस बर्षको उपलब्धी संख्या** | **अघिल्लो बर्षको प्रगति संख्या** | **गत बर्षको फरक** | **कैफियत** |
|---|---|---|---|---|---|
| **खोप** | | | | | |
| विसिजी | २७७ | १९३ | १६५ | २८ बढी | लक्ष्य प्राप्ती नभएको |
| दादुरा पहिलो | २७७ | १६७ | १७१ | ४ कम | |
| डिपिटी तेस्रो | २७७ | १८० | १७६ | ४ बढी | |
| **पोषण** | | | | | |
| कुपोषित बालबालिकाको संख्या | | २ | १ | | |
| सिडिडि | | २६५ | ३११ | ४६ कम | |
| कडाखालको निमोनियाबाट पिडितको उपचार | | ० | ० | ० | |
| **सुरक्षित मातृत्व** | | | | | |
| चार पटक गभ जाँच गराउनेको संख्या | २८६ | ५६ | ६९ | १३ कम | लक्ष्य भन्दा ज्यादै कम रहेको |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति गराउनेको संख्या | २८६ | ४६ | ५२ | ६ कम | |
| सुत्केरी भएको २४ घण्टाभित्र जाँच गराउनेको संख्या | २८६ | ४६ | ५२ | ६ कम | |

| **परिवार नियोजन साधनलाई स्वीकार गर्ने नँया व्यक्तीको संख्या** | | | | | |
|---|---|---|---|---|---|
| पिल्स | | ५ | १३ | ८ कम | |
| डिपो | | १८ | १९ | १ कम | |
| Implant | | ६९ | ४१ | २८ बढी | |
| IUCD | | ३ | ९ | ६ कम | |
| **विविध** | | | | | |
| खोप केन्द्र | ६० | ५६ | ५५ | १ बढी | मासिक ५ |
| गाँउघर क्लिनिक | ६० | ४८ | ५० | २ कम | मासिक ५ |
| आमा समुह बैठक | १०८ | १०० | १०० | ० | |

**घ) प्राथमिक स्वास्थ्य केन्द्र, बेल्टार**

| **सेवा** | **लक्ष्य संख्या** | **आ.ब. ०७४/७५ को उपलब्धी** | **आ.ब. ०७३/७४ को प्रगती** | **गत बर्षको फरक** |
|---|---|---|---|---|
| **खोप** | | | | |
| विसिजी | **३४०** | **२८१** | **२९१** | **१० कम** |
| दादुरा | **३४०** | **२७३** | **२८३** | **१० कम** |
| डिपिटी | **३४०** | **२७४** | **३०७** | **३३ कम** |
| **पोषण** | | | | |
| कुपोषित बालबालिकाको उपचार भएको संख्या | | **६६** | **१४** | **५२ बढि** |
| सिडिडि | | **१५** | **२** | **१३ बढि** |
| **सुरक्षित मातृत्व** | | | | |
| चार पटक गर्भ जाँच गराउनेको संख्या | ३५२ | २३८ | २१६ | २२ बढी |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति गराउनेको संख्या | | १३५ | १६८ | ३३ कम |
| सुत्केरी भएको २४ घण्टाभित्र जाँच गराउनेको संख्या | | १३५ | १६८ | ३३ कम |
| **परिवार नियोजनका साधन** | | | | |
| पिल्स प्रयोग गर्ने नँया व्यक्ति | | ६३ | ३१ | ३२ बढी |
| डिपो प्रयोग गर्ने नँया व्यक्ती | | ९५ | ९७ | २ कम |
| Implant प्रयोग गर्ने नँया व्यक्ती | | ५८ | ६२ | ४ कम |
| **विविध** | | | | |
| खोप केन्द्र | | ४ | ४ | |
| गाँउघर क्लिनिक | | ३ | ३ | |
| आमा समुह बैठक | | १०५ | १०३ | |

## ३. स्वास्थ्य सेवाको गुणस्तर :

### क) स्वास्थ्यकर्मीको उपलव्धता :

**दरवन्दी संख्या**

| पद | प्रा.स्वा.के. बेल्टार | बसाहा स्वा.चौ. | हडीया स्वा.चौ. | सुन्दरपुर स्वा.चौ. | जम्मा |
|---|---|---|---|---|---|
| मेडीकल अधिकृत | १ जना | | | | **१ जना** |
| HA | १ जना | १ जना | १ जना | १ जना | **४ जना** |
| AHW अहेब | २ जना | २ जना | २ जना | २ जना | **८ जना** |
| स्टाफनर्स | १ जना | | | | **१ जना** |
| ANM | ३ जना | २ जना | २ जना | २ जना | **९ जना** |
| LAB Assistant | १ जना | | | | **१ जना** |
| कार्यालय सहयोगी | ३ जना | | | | **३ जना** |
| जम्मा | १२ जना | ५ जना | ५ जना | ५ जना | **२७ जना** |

**कार्यरत संख्या :**

| पद | प्रा.स्वा.के. बेल्टार | बसाहा स्वा.चौ. | हडीया स्वा.चौ. | सुन्दरपुर स्वा.चौ. | जम्मा |
|---|---|---|---|---|---|
| मेडीकल अधिकृत | २ जना | | | | **२ जना** |
| HA | ३ जना | १ जना | १ जना | १ जना | **६ जना** |
| AHW अहेब | | २ जना | १ जना | २ जना | **५ जना** |
| स्टाफनर्स | १ जना | | | | **१ जना** |
| ANM | ६ जना | ४ जना | ४ जना | ४ जना | **१८ जना** |
| Radio Grapher | १ जना | | | | **१ जना** |
| LAB Assistant | ३ जना | | १ जना | १ जना | **५ जना** |
| खरिदार | १ जना | | | | **१ जना** |
| सवारी चालक | १ जना | | १ जना | १ जना | **३ जना** |
| कार्यालय सहयोगी | ५ जना | १ जना | १ जना | १ जना | **८ जना** |
| **जम्मा** | **२३ जना** | **८ जना** | **९ जना** | **१० जना** | **५० जना** |

**स्वास्थ्यकर्मीको नियमित उपशिथति एवम् सेवाप्रवाहको अवस्था :**

| सि. न. | कर्मचारीको नाम | बर्षभरी स्वास्थ्य संस्था खुल्नुपर्ने दिन | बर्षभरमा स्वास्थ्य संस्थामा हाजिर भएको | बर्षभरीमा स्वास्थ्य संस्था बाहिर हाजिर भएको | कैफियत |
|---|---|---|---|---|---|
| **प्रा.स्वा.के. बेल्टार** | | | | | |
| १. | डा. सन्तोष राई | २९९ | २५४ | ४५ | |
| २. | डा. कारमिना श्रेष्ठ | २९९ | २६४ | ३१ | |
| ३. | श्याम नारायण पण्डित | २९९ | २६२ | ३७ | |
| ४. | हिमालय पौडेल | २९९ | २५४ | ४५ | |
| ५. | राज कुमार मेहता | २९९ | २४५ | ५४ | |
| ६. | रेणु मल्लीक | २९९ | २६७ | ३२ | |
| ७. | निशा भट्टराई | २९९ | २४४ | ५५ | |
| ८. | फिरन चौधरी | २९९ | २७७ | २२ | |
| ९. | भवानी खतिवडा | २९९ | २८० | १९ | |
| **बसाहा स्वा.चौ.** | | | | | |
| १. | जामुन प्र. रजक | २९९ | २८४ | १५ | |
| २. | तुलाई दास चौधरी | २९९ | २७६ | २३ | |
| ३. | दान ब. राई | २९९ | २६८ | ३१ | |
| ४. | गंगा कुमारी ओझा | २९९ | २८८ | ११ | |
| ५. | शान्ती राई | २९९ | २८४ | १४ | |
| **हडीया स्वा.चौ.** | | | | | |
| १. | प्रशुराम कापर | २९९ | २८१ | १५ | |
| २. | चन्द्र कुमार चौधरी | २९९ | २६३ | ३३ | |
| ३. | शावित्रा देवी न्यौपाने | २९९ | २७८ | १८ | |
| ४. | श्याम कुमारी चौधरी | २९९ | २९९ | | |
| **सुन्दरपुर स्वा.चौ.** | | | | | |
| १. | मदन कार्की | २९९ | २८९ | ८ | |
| २. | दयाराम चौधरी | २९९ | २७५ | २२ | |
| ३. | मुना आचार्य | २९९ | २८३ | १४ | |
| ४ | चिरण राई | २९९ | २७४ | २३ | |

(२०७५ सालको बैशाख देखि चैत्रसम्मको हाजिरी विवरण अनुसार)

## ख) स्वास्थ्यकर्मीको विरामी प्रतिको व्यवहार :

सेवा लिएका सेवाग्राहि सँग टेलिफोन र प्रत्यक्ष भेटघाट गरी विवरण बुझिएको थियो । स्वास्थ्यकर्मीहरुको विरामी प्रति गर्ने व्यवहार राम्रो देखिएको छ । सबै स्वास्थ्य संस्थाका स्वास्थ्य कार्यकर्ताहरु सहयोगी भावनाको व्यवहार भएको पाईएको छ । सबै स्वास्थ्य संस्थाबाट विरामीले पाउने सेवा र सुविधाहरु समयमै प्रदान गरिएको पाईएको छ ।

## ग) औजार एवं उपकरणको निर्मलीकरण :

| साधनको विवरण | प्रा.स्वा.के. बेल्टार | बसाहा स्वा.चौ. | हडीया स्वा.चौ. | सुन्दरपुर स्वा.चौ. |
|---|---|---|---|---|
| अटोक्लेभ | २ वटा व्यवस्था भएको | २ वटा व्यवस्था भएको | २ वटा व्यवस्था भएको | ३ वटा व्यवस्था भएको |

## घ) सरसफाई :

**प्राथमिक स्वास्थ्य केन्द्र बेल्टार :**

- स्वास्थ्य संस्था बाहिर भित्र राम्रो र सफा देखिएको छ ।
- महिला पुरुषको लागी छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको छ । तर स्वास्थ्यकर्मीहरुको लागी १ वटा प्रयोग गरिएको र १ वटासेवाग्राहिलाइ साझा रुपमा प्रयोग गरिएको छ ।
- पिउने पानीको उपलव्धता राम्रो छ । विरामी तथा सेवाग्राहिको लागी पनि शुद्ध खानेपानीको प्रयोग गर्ने गरिएको छ ।
- स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन गर्न इन्सीनेटर र प्रसुतीमा हुने फोहोर व्यवस्थाको लागी प्लासेन्टा पिटको व्यवस्था गरीएको छ ।

**हडीया स्वास्थ्य चौकी :**

- स्वास्थ्य संस्था बाहिर भित्र राम्रो र सफा देखिएको छ । मुख्य सडक देखि स्वास्थ्य चौकी सम्म आउने बाटो सुधार गर्नुपर्ने देखिन्छ ।
- महिला पुरुषको लागी छुट्टाछुट्टै शौचालयको व्यवस्था भनी लेखिएको छ तर एउटै शौचालय प्रयोग गर्ने गरिएको पाइएको छ ।
- पिउने पानीको व्यवस्था राम्रो छ । विरामीहरुलाई र स्वास्थ्यकर्मीहरुलाई प्रयोग गर्न फिल्टरको माध्यामबाट सफा पानीको व्यवस्था गरिएको छ ।

  इन्सीनेटर नभएको कारण स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन गर्न कठिनाई हुने गरेको छ । खाल्डो खनेर डडाउने काम भएको छ ।

**सुन्दरपुर स्वास्थ्य चौकी :**

- स्वास्थ्य संस्था बाहिर भित्र राम्रो र सफा देखिएको छ ।
- महिला पुरुषको लागी छुट्टाछुट्टै शौचालयको व्यवस्था छ ।
- पिउने पानीको व्यवस्था राम्रो छ ।
- स्वास्थ्य संस्थाजन्य फोहार व्यवस्थापन गर्न प्लासेन्टा पिटको व्यवस्था छ । अन्य स्वास्थ्य संस्थाजन्य फोहोरहरु खाल्डोमा जलाउने गरिएको छ ।

**बसाहा स्वास्थ्य चौकी :**

- स्वास्थ्य संस्था बाहिर र भित्र राम्रो र सफा देखिएको छ ।
- महिला पुरुषको लागी छुट्टाछुट्टै शौचालयको व्यवस्था छैन ।
- पिउने पानीको लागी धाराको व्यवस्था छ। पानी प्रयोगको लागी प्रयाप्त छ ।
- स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्था गर्ने ठाँउ छ ।

## □) संवेदनशिलता :

**१) जेष्ठनागरिक एवं अपांगमैत्री सेवाहरु र लैंगीक संवेदनशिलता :**

**प्राथमिक स्वास्थ्य केन्द्र बेल्टार :**

- जेष्ठ नागरीक र अपांगको लागी नितिगतरुपमा नै छुट्टै सेवाको व्यवस्था छैन तर पहिलो प्राथमिकता दिएर सेवा दिने गरिएको छ
- ANC र PNC गर्दा स्टाफ नर्स र अनमीहरुबाट चेकजाँच गर्ने गरिएको छ । बोलाएको अवस्थामा डाक्टर व्यवस्था गरिएको हुन्छ । महिलाहरुलाई चेकजाँच गर्न महिला स्वास्थ्यकर्मीको नै प्रयोग गर्ने गरिएको छ ।

**हडीया स्वास्थ्य चौकी :**

- जेष्ठ नागरीक र अपांगको लागी छुट्टै सेवाको व्यवस्था छैन तर पहिलो प्राथमिकता दिएर सेवा दिने गरिएको छ ।
- महिलाहरुलाई चेकजाँच गर्न गोप्यता कायम गर्ने गरिएको छ । महिला स्वास्थ्यकर्मीको प्रयोग गर्ने गरिएको छ । यदि पुरुष स्वास्थ्यकर्मीले चेकजाँच गर्नुपर्ने अवस्थामा सम्बन्धीत महिलाको अनुमती लिएर महिला स्वास्थ्यकर्मीको रोहबरमा चेकजाँच गर्ने गरिएको छ ।

**सुन्दरपुर स्वास्थ्य चौकी :**

- जेष्ठ नागरीक र अपांगको लागी छुट्टै सेवाको व्यवस्था छैन तर पहिलो प्राथमिकता दिएर सेवा दिने गरिएको छ ।
- महिलाहरुलाई चेकजाँच गर्न गोप्यता कायम गर्ने गरिएको छ । महिला स्वास्थ्यकर्मीको प्रयोग गर्ने गरिएको छ । देखिएको समस्या अनुसार महिला स्वास्थ्यकर्मीको रोहबरमा चेकजाँच गर्ने गरिएको छ ।

**बसाहा स्वास्थ्य चौकी :**

- जेष्ठ नागरीक र अपांगको लागी छुट्टै सेवाको व्यवस्था छैन तर पहिलो प्राथमिकता दिएर सेवा दिने गरिएको छ ।
- महिलाहरुलाई चेकजाँच गर्न गोप्यता कायम गर्ने गरिएको छ । महिला स्वास्थ्यकर्मीको प्रयोग गर्ने गरिएको छ । देखिएको समस्या अनुसार महिला स्वास्थ्यकर्मीको रोहबरमा चेकजाँच गर्ने गरिएको छ ।

**२) जेष्ठनागरिक एवं अपांगमैत्री सेवाहरु र लैंगीक संवेदनशिलता :**

**प्राथमिक स्वास्थ्य केन्द्र बेल्टार :**

- प्रा.स्वा.के. को भवन अपांग तथा जेष्ठ नागरीक मैत्री छ । सडक देखि विरामी चाँच गर्ने कोठा सम्म ह्वील चियर तथा ट्रली सजिलै गुडाएर पुर्‍याउन सकिन्छ ।

- वरीपरी कम्पाउण्डमा सेवाग्राहिहरु र विरामी कुरुवाहरु बस्नको लागी सिट बेन्चहरु र प्रतिक्षालयको व्यवस्था छ । कार्यालय भित्र विरामीहरुको लागी चाप धान्न सक्नेगरी पालो कुर्ने ठाँउमा बस्ने व्यवस्था मिलाइएको छ ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा विजुलीको व्यवस्था गरिएको छ । वैकल्पीक उर्जाको लागी सोलार, इन्भर्टर र जेनेरेटरको समेत व्यवस्था गरिएको छ ।

**हडीया स्वास्थ्य केन्द्र :**

- भवन अपांग मैत्री छ ।
- विरामी कुरुवाहरु बस्नको लागी सिट र स्लापहरुको व्यवस्था छ ।
- ह्वीलचियरको व्यवस्था छैन । गुडाउन मिल्ने ट्रलीको पनि व्यवस्था छैन । स्टेचरको व्यवस्था छ ।
- विजुलीको व्यवस्था छ । सौर्य उर्जाको व्यवस्था पनि छ ।

**सुन्दरपुर स्वास्थ्य चौकी :**

- भवन अपांग मैत्री छ ।
- विरामी कुरुवाहरु बस्नको लागी वेन्चहरुको व्यवस्था छ ।
- ह्वीलचियर, ट्रली र स्टेचरको व्यवस्था छ ।
- विजुली र सौर्य उर्जाको व्यवस्था छ ।

**बसाहा स्वास्थ्य चौकी :**

- भवन अपांग मैत्री छ ।
- विरामी कुरुवाहरु बस्नको लागी वेन्चहरुको व्यवस्था छ ।
- ह्वीलचियरको व्यवस्था छैन । स्टेचरको व्यवस्था छ ।
- विजुलीको व्यवस्था छ ।

## च) सेवा प्रवाह गर्न व्यवस्था गरिएका मूख्य प्राविधिक औजारहरु :

**प्राथमिक स्वास्थ्य केन्द्र बेल्टार :**

| क्र.स. | औजार उपकरणको नाम | संख्या | अवस्था |
|---|---|---|---|
| १. | भिडीयो एक्सरे मेसिन | १ सेट | सञ्चालनमा रहेको |
| २. | एक्सरे मेसिन | १ सेट | सञ्चालनमा रहेको |
| ३. | Incubator (Analyser) मेसिन | १ सेट | सञ्चालनमा रहेको |
| ४. | विरामी मोनिटर | १ सेट | सञ्चालनमा रहेको |
| ५. | अक्सीजन | ६ सिलिण्डर | सञ्चालनमा रहेको |
| ६. | अटोक्लेभ | २ सेट | सञ्चालनमा रहेको |

| | | | |
|---|---|---|---|
| ७. | विरामी प्रतिक्षलयमा टिभि | १ सेट | सञ्चालनमा रहेको |
| ८. | बेड | १० सेट | सञ्चालनमा रहेको |
| ९. | डिजिटल हाजिरी | १ सेट | सञ्चालनमा रहेको |

**हडीया स्वास्थ्य केन्द्र :**

| **क.स.** | **औजार उपकरणको नाम** | **संख्या** | **हालको अवस्था** |
|---|---|---|---|
| १. | BP सेट | ४ सेट | चालु अवस्थामा रहेको |
| २. | Weight मेसिन | ४ थान | चालु अवस्थामा रहेको |
| ३. | ड्रेसिंग सेट | १ सेट | चालु अवस्थामा रहेको |
| ४. | अटोक्लेभ | २ सेट | चालु अवस्थामा रहेको |

**सुन्दरपुर स्वास्थ्य चौकी :**

| **क.स.** | **औजार उपकरणको नाम** | **संख्या** | **हालको अवस्था** |
|---|---|---|---|
| १. | BP सेट | ४ सेट | चालु अवस्थामा रहेको |
| २. | Weight मेसिन (बच्चा र बयस्क) | ४+४ थान | चालु अवस्थामा रहेको |
| ३. | ENT सेट | १ सेट | चालु अवस्थामा रहेको |
| ४. | अटोक्लेभ | ३ सेट | चालु अवस्थामा रहेको |
| ५ | नेवुलाइजर मेसीन | १ सेट | चालु अवस्थामा रहेको |

**बसाहा स्वास्थ्य चौकी :**

| **क. स.** | **औजार उपकरणको नाम** | **संख्या** | **हालको अवस्था** |
|---|---|---|---|
| १. | द्यए सेट | ४ सेट | चालु अवस्थामा रहेको |
| २. | ध्भष्नजत मेसिन | ३ थान | चालु अवस्थामा रहेको |
| ४. | अटोक्लेभ | २ सेट | चालु अवस्थामा रहेको |

## च) सेवाको गूणस्तर सूधारको लागी गरिएको प्रयासहरु :

**प्राथमिक स्वास्थ्य केन्द्र बेल्टार :**

- नागरिक बडापत्रको व्यवस्था छ ।
- सुचना पाटी व्यवस्था छ ।
- गुनासो पेटिकाको व्यवस्था छ ।
- नि:शुल्क औषधीको विवरण टाँस गरेको छ ।

**हडीया स्वास्थ्य केन्द्र :**

- नागरिक बडापत्रको व्यवस्था छ ।
- सुचना पाटी व्यवस्था छ ।
- गुनासो पेटिकाको व्यवस्था छ ।
- हाल नि:शुल्क औषधीको विवरण टाँस गरेको छैन । फ्ले्क्समा राखेको हुँदा केहि महिना अगाडी आएको हावाहुरीले च्यातेको जानकारी भएको ।

**सुन्दरपुर स्वास्थ्य चौकी :**

- नागरिक बडापत्र च्यातिएको अवस्थामा छ ।
- सुचना पाटी व्यवस्था छ ।
- गुनासो पेटिकाको व्यवस्था छ ।
- नि:शुल्क औषधीको विवरण टाँस गरेको छ ।

**बसाहा स्वास्थ्य चौकी :**

- नागरिक बडापत्रको व्यवस्था छैन ।
- सुचना पाटी व्यवस्था छैन ।
- गुनासो पेटिकाको व्यवस्था छैन ।
- नि:शुल्क औषधीको विवरण टाँस गरेको छैन ।

## ४. स्वास्थ्य व्यवस्थापन समिति :

चौदण्डीगढी नगरपालिकाका सामाजिक परिक्षण भएका ४ वटा स्वास्थ्य संस्थाहरु (प्रा.स्वा.के., बेल्टार, स्वा.चौ. हडीया, स्वा.चौ. सुन्दरपुर, स्वा.चौ., बसाहा) मा महत्वपुर्ण निर्णयहरु स्वास्थ्य व्यवस्थापन समितिको निर्णयबाट गर्ने गरिएको देखिएको छ । त्यस्तै ४ वटै स्वास्थ्य संस्थाहरुको नियमित बैठक बस्ने भनी निर्णय भएको भएपनी नियमित वैठक वसेको पाईएन तर आवश्यकता परेको वेला वैठक बसी निर्णय गरेको पाईएको छ । प्रा.स्वा.के., बेल्टारमा २० पटक, स्वा.चौ. हडीयामा २४ पटक, स्वा.चौ. सुन्दरपुरमा ८ पटक र स्वा.चौ., बसाहामा ९ पटक व्यवस्थापन समितीको वैठक बसेको देखिएको छ ।

## ५. औषधि दाखिला र शून्य मौज्दातको अवस्था

**प्रा.स्वा.के., बेल्टार**

| सि. न. | औषधिको नाम | औषधिको बार्षिक दाखिला | औषधि दाखिला भएको महिना | शुन्य मौज्दात भएको पटक | जम्मा शुन्य मौज्दात भएको अवधि | कारण |
|---|---|---|---|---|---|---|
| १ | आइरन चक्की | १४२००० | श्रावण असोज कात्तिक पौष माघ, बैशाख | ४ पटक | २ महिना १५ दिन | |
| ३ | एमोअक्सीसिलिन | २०००० | श्रावण, भाद्र, कात्तिक, पौष, बैशाख, असार | ३ पटक | ५ महिना | |
| ४ | पारासिटामोल | १२३००० | श्रावण, भाद्र, कात्तिक, पौष, बैशाख, असार | छैन | | |
| ५ | परिवार नियोजनका साधन | | | | | |
| | कन्डोम | १४१०० | पौष, बैशाख, असार | छैन | | |
| | पिल्स | २३९६० | श्रावण, पौष, फाल्गुन बैशाख | छैन | | |
| | डिपो | ४०० | श्रावण, पौष, फाल्गुन | छैन | | |
| | Implant | ९० | श्रावण, पौष, फाल्गुन | १ पटक | १ महिना | |
| | IUCD | ८ | असार, २०७५ | छैन | | |
| ६ | जिंक चक्की | ५४०० | श्रावण, पौष, फाल्गुन, बैशाख | छैन | | |
| ७ | भिटामिन क्याप्सुल | ५०० | श्रावण, पौष, | छैन | | |
| ८ | अलमेण्डाजोल ४०० mg | ९३५० | श्रावण, भाद्र, फाल्गुन | छैन | | |
| ९ | पुनर्जलिय पाउडर | ५५०० | श्रावण, भाद्र, कार्त्तिक, पौष, चैत्र, वैशाख, असार | २ पटक | १ म.१५ दि. | |

**स्वा.चौ. हडीया :**

स्वास्थ्य चौकी हडिया

अनुसुचि ४ : औषधि दाखिला र शुन्य मौज्दातको अवस्था

आर्थिक बर्ष..... २०६४/६५ सुचना लिएको मिति : २०६६।३।१३

| सि. न. | औषधिको नाम | औषधिको बार्षिक दाखिला | औषधि दाखिला भएको महिना र | शुन्य मौज्दात भएको पटक | जम्मा शुन्य मौज्दात भएको अवधि | कारण |
|---|---|---|---|---|---|---|
| १ | आइरन चक्की | ४४००० | ४,६,८,९,११,१,२ | - | - | - |
| २ | कोट्रीम (एडल्ट) | १६,३०० | ४,५,९,११,१,३ | - | - | - |
| ३ | एमोअक्सीसिलिन | ६८०० | ४,५,६,८,९,३ | ३ | ३ महिना | आपुर्ति नभएर |
| ४ | पारासिटामोल | ३१०९० | ६,९,११,१,२ | - | - | - |
| ५ | परिवार नियोजनका साधन | | | | | |
| ६ | कन्डोम | ११८४० | ८,९,१,३ | ३ | ,, | ढुवानी नभएर |
| | पिल्स | ६६२ | ५,८,९,११,१ | - | - | |
| | डिपो | ३२५ | ९,११ | - | - | - |
| | Implant | ६० | ९,११,१ | - | - | - |
| | IUCD | १६ | - | - | - | - |
| ७ | जिंक चक्की | २४०० | ९,११,१ | - | - | - |
| ८ | भिटामिन क्याप्सुल | - | - | - | - | - |
| ९ | अलमेण्डाजोल..... mg | ११२०० | ११ | - | - | - |
| | | | | | | |
| | | | | | | |

स्वा.चौ. सुन्दरपुर

| सि. न. | औषधिकाे नाम | औषधिको बार्षिक दाखिला | औषधि दाखिला भएको महिना | शुन्य मौज्दात भएको पटक | जम्मा शुन्य मौज्दात भएको अवधि | कारण |
|---|---|---|---|---|---|---|
| १ | आइरन चक्की | ४७००० | भदौ, कात्तिक, पौष, माघ, फाल्गुन, चैत्र, बैशाख, जेष्ठ, असाढ | | | |
| २ | कोट्रीम (एडल्ट) | ४०००० | भदौ,कात्तिक,पौष, माघ, फाल्गुन,बैशाख, जेठ | ५ | १५ दिन | |
| ३ | एमोअक्सीसिलिन | ८७०० | भदौ,कात्तिक,पौष, माघ, फाल्गुन,बैशाख, जेठ | ९ | १५ दिन | |
| ४ | पारासिटामोल | १२,२०० | भदौ, पौष,बैशाख, असाढ | | | |
| सि. न. | औषधिको नाम | औषधिको बार्षिक दाखिला | औषधि दाखिला भएको महिना | शुन्य मौज्दात भएको पटक | जम्मा शुन्य मौज्दात भएको अवधि | कारण |
| ५ | परिवार नियोजनका साधन | | | | | |
| | कन्डोम | १५६४० | भदौ, पौष,बैशाख, असाढ | | | |
| | पिल्स | ९३६ | भदौ, पौष,बैशाख, असाढ | | | |
| | डिपो | ३०० | भदौ, पौष,बैशाख, असाढ | | | |
| | क्ष्नॠम | ३० | भदौ, पौष,बैशाख, असाढ | | | |
| ६ | जिंक चक्की | ३९०० | भदौ, पौष,बैशाख, असाढ | | | |
| ७ | भिटामिन क्याप्सुल | ० | भदौ, पौष,बैशाख, असाढ | | | |
| ८ | अलमेण्डाजोल ४०० mg | ९२०० | भदौ, पौष,बैशाख, असाढ | | | |

स्वा.चौ., बसाहा

| सि.न. | औषधिकाो नाम | औषधिको बार्षिक दाखिला | औषधि दाखिला भएको महिना | शुन्य मौज्दात भएको पटक | जम्मा शुन्य मौज्दात भएको अवधि | कारण |
|---|---|---|---|---|---|---|
| १ | आइरन चक्की | २२७०० | | | | |
| २ | कोट्रीम (एडल्ट) | ८५०० | | | | |
| ३ | एमोअक्सीसिलिन | १५०० | | | | |
| ४ | पारासिटामोल | ५५०० | | | | |
| ५ | परिवार नियोजनका साधन | | | | | |
| | कन्डोम | १००० | | | | |
| | पिल्स | ६१६ | | | | |
| | डिपो | १५० | | | | |
| ६ | जिंक चक्की | १२०० | | | | |
| ७ | भिटामिन क्याप्सुल | १०००० | | | | |
| ८ | अलमेण्डाजोल ४०० mg | ९८०० | | | | |

## ६. स्वास्थ्य संस्थाको आम्दानी खर्चको विवरण :

**प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारको आ.ब. ०७४/७५ को आम्दानी खर्च विवरण :**

एम्वुलेन्स तर्फ

| आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| गत आ. ब. को बचत | ३१४४७७ | चालक तलव | २५५९०० |
| गत आ. ब. को नगद मौज्दात | ८९९५२ | इन्धन | ३२२३३२ |
| विरामी ओसारपसारबाट आम्दानी | ११०७५०० | मर्मत | ३०३९५२ |
| विविध आम्दानी | २०५३२ | विविध खर्च | ४६०८१ |
| | | बैक मौज्दात | ५८५६२१ |
| | | नगद मौज्दात | १८५७४ |
| **जम्मा** | **१५३२४६१** | **जम्मा** | **१५३२४६१** |

सेवा प्रवाह तर्फ :

| **आम्दानी शिर्षक** | **रकम** | **खर्च शिर्षक** | **रकम** |
|---|---|---|---|
| बैक तथा नगद मौज्दात | १२२५५३ | कर्मचारीको तलब (स्थानीय नियुक्ती) | १९९५०० |
| आन्तरीक आम्दानी | ७५०८४५ | दैनिक भ्रमण भत्ता | ३८७५० |
| जि. ज.स्वा.कार्यालयबाट अनुदान | ४२९९३१ | अतिगरीब विपन्न विरामी प्रेषण | २०००० |
| चौदण्डीगढी नपाबाट अनुदान | ४०८२७८ | गुणस्तर सुधार खर्च | ३६०३०६ |
| | | पुर्वाधार मर्मत | ५७७१५ |
| | | खोप कार्यक्रम | २६२४७ |
| | | प्रसुती यातायात | १५६४०० |
| | | पोषक भत्ताा | २७५०० |
| | | कोठाभाडा | २०५०० |
| | | टेलीफोन सञ्चार | १४१५४ |
| | | विद्युत महसुल | १३३१४१ |
| | | पत्रपत्रिका | १०३०० |
| | | इन्धन | ४१६७५ |
| | | सामग्री ढुवानी | २८५१५ |
| | | कार्यालय व्यवस्थापन खर्च | १२६६५९ |
| | | ल्याव केमिकल | ७२२२५ |
| | | अन्य सेवाहरु | ४९०८ |
| | | ले प शुल्क | २०००० |
| | | बैक मौज्दात | ३२९५२० |
| | | नगद मौज्दात | २३५९२ |
| **जम्मा आम्दानी** | **१७११६०७** | **जम्मा** | **१७११६०७** |

## हडीया स्वास्थ्य केन्द्र :

अनुसुचि ५ : स्वास्थ्य संस्थाको आम्दानी खर्चको विवरण
स्वास्थ्य चौकी हडिया, उदयपुर

आर्थिक वर्ष : २०७४।७५ सुचना लिएको मिति : २०७६।३।१३

| अम्दानी | | | खर्च | |
|---|---|---|---|---|
| | प्राप्त भएको पटक | प्राप्त रकम | शिर्षक | रकम |
| अघिल्लो बर्षको बचत रकम (बैङ्क तथा नगद मौजदात) | | ८८९,९१४।९९ | स्थानीय स्वास्थ्य संस्थाबाट नियुक्ती गरीएका कर्मचारीको तलब । भत्ता | १६०,०००।०० |
| सामान्य प्रसुति सेवा | | ५०,०००।०० | औषधि र मेडिकल सप्लाई | ५५,०१९।०० |
| जटिल प्रसुति सेवा | | ०।०० | गुण्स्तर सुधारकोलागी खर्च रकम | ० |
| शल्यक्रिया गरी प्रसुति गराईएको | | ०।०० | पुर्वाधार निर्माण तथा मर्मत | ३१४,३६१।३७ |
| रजिस्ट्रेसन बापत प्रप्त रकम | | ०।०० | कर्मचारी प्रोत्साहन | ३७,०३०।०० |
| नि:शुल्क स्वास्थ्य सेवा प्रदान गरे बापतको ईकाई मुल्य बराबरको रकम | | ७७,८६६।५० | सुरक्षित मातृत्व कार्यक्रम | ५८,०००।०० |
| महिला स्वास्थ्य स्वयं सेविका भत्ता | | ०।०० | कार्यालय संचालन, मसलन्द तथा प्रशासनीक खर्च | १२४,९३७।०० |
| ल्याब बापतको रकम | | ०।०० | विद्युत, खानेपानी तथा इनधन महसुल | १३,८६४।१६ |
| शिद्धार्थ बैङ्कमा दाखीला | | ५०२,५००।०० | जनस्वास्थ्य कार्यक्रम संचालन (सीधै बितरण सहित) | ४६,४००।०० |
| ऋण लगानीको ब्याज | | ६९,६९५।०० | विविध | २३,९००।०० |
| रा.वा. बैङ्क ब्याज | | ८,०८७।०४ | बैङ्क कर कट्टा | २,७१२।९२ |
| शिद्धार्थ बैङ्क बयाज | | १५,३९०।४२ | रा.वा. बैङ्क मौजदात | ४०४३५१।१ |
| ऋण सावा असुलि | | ५००,०००।०० | शिद्धार्थ बैङ्क मौजदात | ५१५५८१।८६ |
| | | | नगद मौजदात | ३५७२९६।५४ |
| जम्मा | | २,११३,४५३।९५ | जम्मा | २,११३,४५३।९५ |

| | |
|---|---|
| खुद कुल खर्च रकम | ८३६,२२४।४५ |
| जम्मा मौजदात | १,२७७,२२९।५० |
| जम्मा | २,११३,४५३।९५ |

हे. पो. इन्चार्ज

Page 1 of 1

## ७. सेवा प्रवाह गर्न समन्वय :

स्वास्थ्य सेवा प्रवाह गर्न चौदण्डीगढी नगरपालिककाका स्वास्थ्य संस्थाहरु (हडीया स्वास्थ्य चौकी, सुन्दरपुर स्वास्थ्य चौकी, बसाहा स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र, बेल्टार) ले विशेष गरी रेडक्रस, रेस्फेक, आड्रा, UNFPA, हुरेण्डेक/सवल, OCMC, NLR, जपाईको जस्ता संस्थासँग समन्वय गरि विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको पाइएको छ ।

## ८. सूधार गर्नूपर्ने पक्ष :

**८.१ प्राथमिक स्वास्थ्य केन्द्र, बेल्टार:**

- जेष्ठनागरीक अपांग र विद्यार्थीलाई चेकजाच गर्ने ठाँउको छुट्टै व्यवस्था गर्नुपर्दछ ।
- विरामी तथा विरामी कुरुवा वा सेवाग्राहीको लागी महिला र पुरुषको छुट्टाछुटटै शौचालय हुनुपर्दछ ।
- व्यवस्थापन समितीले गरेका निर्णय पुर्ण रुपमा कार्यान्वयन नभएको पाईएकोले निर्णय गरेका कुराहरु पुर्ण रुपमा कार्यान्वयन गर्नुपर्दछ । उदारणको लागी मिति २०७४ श्रावण ७ गते भएको वैठकको निर्णय अनुसार लाइव्ररी व्यवस्था गर्ने, क्षयरोगको औषधी वितरण गर्ने छुट्टै कोठा व्यवस्था गर्ने, कार्यालय प्रायोजनको लागी छुट्टै गाडी व्यवस्था गर्ने, शव वाहनको व्यवस्थापन गर्ने निर्णयहरु)

**८.२ हडीया स्वास्थ्य चौकी :**

- स्वास्थ्य चौकी खुल्ने र बन्द हुने समय नियमानुसार हुनुपर्दछ ।
- केहि स्वास्थ्यकर्मीहरुबाट विरामी प्रति झर्कने, गाली गर्ने व्यवहार भएको भनी पाईएकोले स्वास्थ्यकर्मीहरुले सेवा प्रवाह गर्दा हाँसेर, परामर्श गरेर तथा सेवाग्राहीलाई उचित सल्लाह दिएर सेवाप्रवाह गर्नुपर्दछ ।
- नि:शुल्क भनी तोकिएका औषधीको व्यवस्थापनमा व्यवस्थापन समिती समेत गम्भीर भई लाग्नुपर्दछ ।

**८.३ सुन्दरपुर स्वास्थ्य चौकी :**

- एम्वुलेन्समा अम्सीजन सेवाको व्यवस्था गर्नुपर्दछ ।
- स्वास्थ्य चौकीको सेवा प्रवाह गर्ने ठाँउ फराकिलो बनाउनु पर्दछ ।

## ८.४ बसाहा स्वास्थ्य चौकी

- महिला र पुरुषको लागी छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नुपर्दछ ।
- नागरीक बडापत्र, सुचनापाटी, गुनासो पेटीका जस्ता पारदर्हिताका विधिहरुको व्यवस्था गर्नुपर्दछ ।
- स्वास्थ्य चौकीबाट निःशुल्क वितरण गरीने औषधीको सुचि सार्वजनिक गर्नु पर्दछ ।
- ल्याव सेवा सञ्चालन गर्नुपर्दछ ।
- निःशुल्क औषधिहरु आवश्यकता अनुसार व्यवस्था हुनुपर्दछ ।

## ९. कार्ययोजना :

### हडीया स्वास्थ्य चौकी :

| सि. नं. | सामाजिक परिक्षणमा उठेका बिषय | सम्वोधन गर्न प्रस्तावित क्रियाकलाप | सम्पन्न गरि सक्ने अवधि | जिम्मेवार निकाय वा व्यक्ती | अनुगमन गर्ने निकाय र व्यक्ती | स्रोत सहयोग उपलव्ध गराउने सम्भाति निकाय |
|---|---|---|---|---|---|---|
| १. | निशुल्क औशधीको सुचि नभएको | निशुल्क औशधीको सुचि व्यवस्था गर्ने | १ हप्ता | स्वास्थ्य चौकी हडीया | व्यवस्थापन समिती | आन्तरीक श्रोत |
| २. | लुतो र दागको औषधी सकिएको अवस्थामा छ | लुतो र दादको औषधी व्यवस्था गर्ने | १ महिना भित्र | स्वास्थ्य चौकी हडीया | व्यवस्थापन समिती | |
| ३. | महिला र पुरुषको छुट्टाछुट्टै शौचालय नभएको | महिला र पुरुषको छुट्टाछुट्टै शौचालय निर्माण गर्ने | आ.ब. २०७६/७७ भित्र | स्वास्थ्य व्यवस्थापन समिति | चौदण्डगिढी नगरपालीका | |
| ४. | ह्वीलचियर, स्टेचर तथा ट्रली व्यवस्था नभएकोले अपांग, जेष्ठ नागरीकलाई सेवा लिन असहज भएको | ह्वीलचियर, स्टेचर तथा ट्रली व्यवस्था गर्ने | आ.ब. २०७६/७७ को श्रावण भित्र | स्वास्थ्य व्यवस्थापन समिति | सरोकारवाला | चौदण्डीगढी नगरपालीका |
| ५. | स्वास्थ्य संस्था जन्य फोहोर मैला व्यवस्थापन गर्न गाह्रो भएको | व्यवस्थीत खाल्डोको व्यवस्था गर्ने | आ.ब. २०७६/७७ भित्र | स्वास्थ्य व्यवस्थापन समिति | सरोकारवाला | चौदण्डीगढी नगरपालीका |

### सुन्दरपुरपुर स्वास्थ्य चौकी :

| सि. नं. | सामाजिक परिक्षणमा उठेका बिषय | सम्वोधन गर्न प्रस्तावित क्रियाकलाप | सम्पन्न गरि सक्ने अवधि | जिम्मेवार निकाय वा व्यक्ती | अनुगमन गर्ने निकाय र व्यक्ती | स्रोत सहयोग उपलव्ध गराउने सम्भावित निकाय |
|---|---|---|---|---|---|---|
| १. | एम्वुलेन्समा अम्सीजन सेवाको व्यवस्था नभएको | सशुल्क अक्सीजन सेवा व्यवस्था गर्ने | आ.ब. ०७६/७७ | स्वा.चौ.स.तथा व्य. समिति | स्वास्थ्य चौकी | १ थान शिवालय सा.ब.उ.स. (२०७६ श्रावण मसान्त भित्रमा) |
| २. | स्वास्थ्य चौकीको सेवा प्रवाह गर्ने ठाँउ फराकिलोको आवश्यकता भएको | वडा कार्यालय मार्फत माग गर्ने प्रक्रिया अगाडी बढेको छ। | | | | |
| ३. | विज्ञ स्वास्थ्यकर्मीको कारणले विरामीको जाँच गर्न बाहिर जार्ने अवस्था छ। | वेलावेला विज्ञ व्यवस्था गरेर सेवा प्रवाह गर्ने | आ.ब. ०७६/७७ | स्वा.चौ.स.तथा व्य. समिति | | |

| सि. नं. | सामाजिक परिक्षणमा उठेका बिषय | सम्वोधन गर्न प्रस्तावित क्रियाकलाप | सम्पन्न गरि सक्ने अवधि | जिम्मेवार निकाय वा व्यक्ती | अनुगमन गर्ने निकाय र व्यक्ती | स्रोत सहयोग उपलव्ध गराउने सम्भावित निकाय |
|---|---|---|---|---|---|---|
| ४. | नागरीक बडापत्र नभएको । | नागरीक बडापत्रको व्यवस्था गर्ने | १ महिना भित्र | स्वास्थय चौकी सुन्दरपुर | स्वा.चौ.स.तथा व्य. समिति | |
| ५. | एम्वुलेन्सको तथ्यांक राख्नेकाम स्पष्ट नभएको । | लगबुक मार्फत एम्वुलेन्सको तथ्यांक राख्ने | श्रावण देखि सधै | स्वास्थय चौकी सुन्दरपुर | स्वा.चौ.स.तथा व्य. समिति | |

## १०. सामाजिक परिक्षण कार्यक्रमका तस्विरहरु :




हडीया स्वा चौको सामाजिक परिक्षण कार्यक्रममा स्वास्थ्य चौकीको विवरण प्रस्तुत गर्दै स्वा.चौ इन्चार्ज प्रशुराम कापर



बसाहा स्वा.चौ. को सामाजिक परिक्षण कार्यक्रममा मन्तव्य राख्दै चौनपा सामाजिक विकास समितिका संयोजक वडा नं. ३ का वडाध्यक्ष पर्शुराम राई



सुन्दरपुर स्वा.चौ.मा स्वा.चौ. सुन्दरपुरको विवरण प्रस्तुत गर्दै स्वा.चौ. प्रमुख मदन कार्की



प्रा. स्वा. के. बेल्टारको सामाजिक परिक्षण कार्यक्रममा सहभागीको जिज्ञासा वारेमा प्रष्ट पार्दै प्रा.स्वा.के. प्रमुख डा.सन्तोष राई




प्रा.स्वा.के. बेल्टारको सामाजिक परिक्षण कार्यक्रममा मन्तव्य राख्दै चौनपा उपप्रमुख श्री रिता कुमारी चौधरी




प्रा. स्वा. के. बेल्टारको सामाजिक परिक्षण कार्यक्रममा मन्तव्य राख्दै चौनपा प्रमुख खगेन्द्र राई




प्रा. स्वा. के. बेल्टारको सामाजिक परिक्षण कार्यक्रम समापन गर्दै चौनपा वडा नं. ७ का वडाध्यक्ष तथा व्यवस्थापन समिति अध्यक्ष तेजराज तिम्सीना

<u>रिपोर्ट तयार गर्ने</u>

हस्ताक्षर :

नाम : बिकाश बन्जारा

पद : सामाजिक परिक्षण सहजकर्ता

मिति : २०७६ असार ५

छाप : मिलीजुली ग्रामीण विकास केन्द्र, नेपाल स्थापना २०६८ बेल्टार १, उदयपुर

# धन्यवाद